# नामसालिङ्ग सामुदायिक विकास केन्द (NCDC), इलाम

## माइजागमाइ–३, इलाम






## आ.व.२०७६/०७७ को संक्षिप्त वार्षिक प्रगति प्रतिवेदन





श्रावण, २०७७

# नामसालिङ्ग सामुदायिक विकास केन्द्र (NCDC) इलाम
# आ.व. २०७६/०७७ को वार्षिक कार्यक्रमगत प्रगति विवरण
# श्रावण २०७७

**(अ) संस्थागत पृष्ठभूमि**

नामसालिङ सामुदायिक विकास केन्द्र वि.स. २०४१ साल पौष १४ गते आम नामसालिङ बासी विकास प्रेमी जनताका अगुवा व्यक्तित्व तत्कालिन प्रधानपञ्च स्व. रमेशचन्द्र गुरागाईंको अध्यक्षतामा बसेको आमभेलाको निर्णयबाट स्थापना भएको गैर-सरकारी सामुदायिक विकास संस्था हो । तत्कालीन नामसालिङ गाउँ पञ्चायतको अगुवाईमा नामसालिङका बासिन्दाहरुको समष्टिगत विकास र उन्नतिका लागि योजनाबद्ध विकासको थालनीको पहल स्वरुप तयार गरिएको एकसय वर्षे विकास योजनाको सफल कार्यान्वयनको सन्दर्भमा यस संस्थाको स्थापना भएको हो ।

यो केन्द्र संस्था दर्ता ऐन २०३४ अनुसार वि.सं. २०४४ साल मंसीर २९ गते जिल्ला प्रशासन कार्यालय इलाममा बैधानिक दर्ता भई वि.सं. २०४५ साल आषाढ २१ गते समाज कल्याण परिषद (तत्कालिन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद) मा आवद्ध भएको छ । त्यसै गरी यो संस्था २०५३ साल देखि गैर-सरकारी संस्था महासंघ नेपाल, इलाम जिल्ला शाखाको सदस्य-संस्थाको रुपमा रहदै आएको छ । यो संस्था नाफा आर्जन र वितरण नगर्ने गैह्र-सरकारी, गैह्र-राजनीतिक सामुदायिक विकास संस्था हो ।

एकीकृत ग्रामीण सामुदायिक विकासका लागि स्थानीय देखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संघ-संस्था, विकास निकाय तथा व्यक्ति र सरोकारवालाहरुसँग साझेदारी विकास गर्न यस केन्द्रका सदस्य, संस्थापकज्यूहरु, पदाधिकारी, कर्मचारी र समग्र माईजोगमाई गाउँपालिकाबासी नागरिकहरुको सदा-सर्वदा सकारात्मक सहयोग प्राप्त गर्दै यसले आफ्नो औपचारिक संस्थागत जीवनको ३३ वर्ष अवधि पुरा गर्न लागेको छ । यस संस्थाको उन्नयनमा देशभरका समाजजसेवी, नागरिक अगुवा, राष्ट्रसेवकहरु, लाभान्वित लक्षितवर्ग लगायत बहुसरोकारवालाहरुको निरन्तर एबम् महत्वपूर्ण सहयोग र योगदान रहदै आएको छ ।

**(आ) परिकल्पना, ध्येय तथा कार्यनीति/रणनीतिः**

- **परिकल्पना** "स्वावलम्बी, समतामूलक र पूर्ण समावेशी समाजको सिर्जना ।"
- **ध्येयः** सन्तुलित तथा दिगो विकासको माध्यमबाट समुन्नत जीवनका लागि स्थानीय समुदायलाई स्वतस्फूर्ती रुपमा स्वचालित गराउने ।
- **मूख्य कार्यनीति/रणनीति**ः योजनाबद्ध र सहभागीतामूलक दिगो विकास प्रकियाको प्रबर्द्धन, सामुदायिक विकासको लागि समुदाय परिचालन, स्रोत व्यवस्थापन, तथा स्थानीय विकासका लागि सहजीकरण गर्नु यस संस्थाको मुख्य कार्यनीति तथा रणनीति हो ।

हाल सम्मको अवधिमा संस्थाले सामुदायिक स्वास्थ्य, शिक्षा, कृषि, खानेपानी, वैकल्पिक तथा नविकरणीय ऊर्जा, विकेन्द्रीकरण तथा सुशासन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, वन वातावरण तथा जैविक विविधता संरक्षण र तत्काल आईपर्ने मानव कल्याणकारी कार्यका क्षेत्रहरुमा विकासका अनुभवहरु सँगाल्दै स्थानीय जनताको जीवनस्तर सुधारका अनेकौ प्रयास र उपलब्धिहरु हासिल गरी सकेको छ । फलतः यो संस्था समुदायको अभिन्न अङ्ग र सरकारको सहयोगी संयन्त्रका रुपमा आफ्नो संस्थागत पहिचान बनाउन सफल भएको छ ।

संस्थागत तथा सामुदायिक विकास उद्देश्यहरु प्राप्तिका लागि स्थानीय सरकार, विकासका लागि सेवा प्रदायक निकायहरु, दातृसंस्था, नेपाल सरकार तथा स्थानीय साझेदार र सहयोगीहरुसँगको समन्वय र सहकार्यको माध्यमबाट सामुदायिक विकास अभियानलाई निरन्तरता दिदै आएको छ । यस केन्द्रले आफ्ना संस्थागत गतिविधिहरुको संचालन, व्यवसायिक विस्तार र दिगोपनाका लागि निम्नानुसारको नीति अवलम्बन गर्दै आएको छ ।

(क) विगतका सफलताहरुको अनुशरण र विस्तार ।
(ख) स्थानीय सरकार र विकास सम्बद्ध निकायहरुसँगको समन्वय, साझेदारी र सहमतिमा आधारित कार्य-सम्पादन ।
(ग) कार्यक्रम कार्यान्वयनको लागि स्थानीय गैसस/समूहहरुको सशक्तिकरण ।
(घ) सामाजिक परिचालन र स्थानीय लागत सहभागितामा आधारित विकास प्रक्रिया ।
(ङ) विविधतायुक्त मानव संशाधन विकास र संस्थागत क्षमता अभिवृद्धि ।
(च) लैङ्गिक समानता र बृहद सामाजिक समावेशीकरण ।
(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा स्थापित विकासका सवाल र सरकारका विकास लक्ष्यहरुमा योगदान ।

**(इ) विषयगत कार्यक्षेत्र**

संस्थागत रुपमा सामुदायिक विकास गतिविधिहरुलाई व्यवस्थित र संगठित रुपमा अघि बढाउने सन्दर्भमा आफ्ना गतिविधिहरुलाई यस संस्थाले निम्नानुसारका विषयगत क्षेत्रहरु विभाजन गरी कार्यसञ्चाल गर्दै आएको छ ।

३.१. सामुदायिक स्वास्थ्य तथा खानेपानी र सरसफाई
३.२. शिक्षा,
३.३. नवीकरणीय उर्जा
३.४. जलवायु अनुकुलन तथा विपद् जोखिम न्यूनिकरण,
३.५. दिगो कृषि तथा पोषण,
३.६. उद्यम व्यवसाय प्रवर्द्धन,
३.७. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण
३.८. स्थानीय सुशासन
३.९. संस्थागत विकास

**(ई) आ.व. २०७६/०७७ मा संचालित प्रमुख कार्यक्रमहरुको लक्ष्य तथा प्रगति अवस्थाः**

माथि उल्लिखित प्रमुख विषयगत क्षेत्रहरु अन्तर्गत तर्जुमा गरिएका विभिन्न विकास योजना तथा कार्यक्रमहरुको संक्षिप्त जानकारी सहित प्रगतिको अवस्थालाई कार्यक्रमगत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**कार्यक्रम १. माकोतोमाकी नासाविके महिला छात्रवृत्ति कार्यक्रम**

१.१. कार्यक्रमले समेटेको भौगालिक क्षेत्रः इलाम जिल्लाका ३ वटा स्थानीय तहहरु सूर्योदय नगरपालिका, माईजोगमाई गाउँपालिका र सन्दकपुर गाउँपालिका अन्तर्गतका ८ वटा वडा (साविकका ७ गाविस) का ४५ विद्यालयहरु

१.२. कार्यक्रमको मुख्य उद्देश्यः छात्रा/महिलाहरुको औपचारिक शिक्षामा सहभागिता अभिबृद्धि गर्न प्रोत्साहित गर्ने ।

१.३. स्रोत साझेदारीः आन्तरिक (अक्षयकोषबाट वार्षिक रुपमा प्राप्त हुने बैंक ब्याज रकमबाट संचालित) ।

१.४. संख्यात्मक वार्षिक प्रगति अवस्थाः

| क्र.सं. | क्रियाकलाप | संख्यात्मक लक्ष्य | संख्यात्मक प्रगति | प्रगति सूचक | कैफियत |
|---|---|---|---|---|---|
| १.४.१. | अक्षयकोषको मूलपूँजी बृद्धि | १५ लाख | १६ लाख | ● साविकको ७७ लाख ५० हजार मा १६ लाख थप गरी हाल ९३ लाख ५० हजार पु-याईएको | ३ वटा बैंकमा मुद्धति निक्षेपमा राखिएको |
| १.४.२. | विद्यालय तहका छात्राहरुलाई छात्रवृत्ति वितरण | २१३ जना | २१३ जना | ● कक्षा १-५ का १६६ जना<br>● कक्षा ६-८ का ३१ ज्ना<br>● कक्षा ९-१० का १६ जना | ३ स्थानीय तहका ४५ विद्यालय |
| १.४.३ | महिला प्राविधिक शिक्षा छात्रवृत्ति वितरण | ३ जना | ० जना | ● कोभिड-१९ महामारीका कारण भर्ना र छनोट हुन नसकेको | स्थगन गरिएको । |

**कार्यक्रम २. अन्तर्राष्ट्रिय युवा स्वयम्सेवक आदान-प्रदान कार्यक्रम**

२.१. कार्यक्रमले समेटेको भौगालिक क्षेत्रः नेपाल, भारत, मोजाम्बिक र ताञ्जानियाँ, ।

२.२. कार्यक्रमको मुख्य उद्देश्यः युवा स्वयमसेवक आदानप्रदानको माध्यमबाट स्थानीय ज्ञान तथा सीप समेत आदान प्रदान गर्दै प्रविधिमा आधारित उद्यमशीलता प्रबर्द्धनका लागि सहजीकरण गर्ने ।

२.३. स्रोत साझेदारीः नोरिक (साविक एफ.के.) नर्वे ।

२.४. संख्यात्मक वार्षिक प्रगति अवस्थाः

| क्र.सं. | क्रियाकलाप | संख्यात्मक लक्ष्य | संख्यात्मक प्रगति | प्रगति सूचक | कैफियत |
|---|---|---|---|---|---|
| २.४.१. | अन्तरसंस्थागत स्वयम्सेवकहरु आदान प्रदान गर्ने | ४ जना | ४ जना | ● सहभागी देशबाट एक एक जना | |
| २.४.२. | स्थानीय उद्यमशीलता सम्भाव्यता अध्ययन तथा नमूना उद्यमी सहयोग | ५ वटा | ५ वटा | ● माईजोगमाई इलाम २ वटा<br>● कालिञ्चोक दोलखा-३ वटा | |

## कार्यक्रम ३. दिगो सामुदायिक विकास परियोजना (SCDP)

३.१. कार्यक्रमले समेटेको भौगालिक क्षेत्र: माईजोगमाई गाउँपालिका वडा नं. ३ र ४ नामसालिङ्ग, इलाम र कालिञ्चोक गाउँपालिका वडा नं १ कालिञ्चोक, दोलखा ।

३.२. कार्यक्रमको मुख्य उद्देश्य: खानेपानी, स्वास्थ्य सरसरफाई तथा पोषणको क्षेत्रमा समुदायस्तरमा प्रबर्द्धनात्मक कार्य गर्ने

३.३. स्रोत साझेदारी: एन.सी.डि.एफ./इ.डब्लु.बी. क्यानाडा र स्थानीय पालिकाहरु ।

३.४. संख्यात्मक वार्षिक प्रगति अवस्था:

| क्र.सं. | क्रियाकलाप | संख्यात्मक लक्ष्य | संख्यात्मक प्रगति | प्रगति सूचक | कैफियत |
|---|---|---|---|---|---|
| ३.४.१. | सामुदायिक खानेपानी आयोजना निर्माण | २ वटा | २ वटा | ● सुँगुरेखोला मुहान नामसालिङ्ग मूल खानेपानी आयोजना, इलाम<br>● बेगुम्पा खानेपानी आयोजना, कालिञ्चोक, दोलखा | इलाम-१<br>दोलखा-१ |
| ३.४.२. | खानेपानी स्रोतमा पानीको गुणस्तर परीक्षण | १३ वटा | १३ वटा | ● माईजोगमाई गा.पा.वडा नं. ३ र ४, नामसालिङ्ग | |
| ३.४.३. | खानेपानी आयोजनाको विस्तृत प्राविधिक सम्भाव्यता अध्ययन तथा नक्सांकन | १ वटा | १ वटा | ● हात्तीटार रमिते खानेपानी आयोजना, माईजोगमाई-४, नामसालिङ्ग, इलाम | ड्रोन सर्भे |
| ३.४.४. | पूर्ण सरसफाई तथा खानेपानी गुणस्तर सम्बन्धी अभिमुखीकरण तालिम | १०० जना | १०१ जना | ● माईजोगमाई इलाम: ६० जना<br>● कालिञ्चोक, दोलखा ४१ जना | २/२ दिने |

## कार्यक्रम ४.स्थानीय तहको वातावरण तथा प्राकृतिक स्रोत व्यवस्थापन ऐन तर्जुमा कार्यक्रम

४.१. कार्यक्रमले समेटेको भौगालिक क्षेत्र: ७ वटा प्रदेशका १३ वटा गाउँपालिका तथा नगरपालिकाहरु ।

४.२. कार्यक्रमको मुख्य उद्देश्य: जैविक विविधता, वातावरण तथा स्थानीय प्राकृतिक स्रोतहरुको समुचित व्यवस्थापन लागि आवश्यक कानून बनाउन स्थानीय तहहरुलाई सहजीकरण गर्ने ।

४.३. स्रोत साझेदारी: विश्व वन्यजन्तु कोष-नेपाल र नेपाल सरकार वन तथा वातावरण मन्त्रालय ।

४.४. संख्यात्मक वार्षिक प्रगति अवस्था:

| क्र.सं. | क्रियाकलाप | संख्यात्मक लक्ष्य | संख्यात्मक प्रगति | प्रगति सूचक | कैफियत |
|---|---|---|---|---|---|
| ४.४.१. | स्थानीय जैविक विविधता तथा वातावरण संरक्षण ऐनको मस्यौदा तयारी | १ पटक | १ पटक | ● संयुक्त कार्यशालाको माध्यमबाट मस्यौदा तयारी | |
| ४.४.२. | जैविक विविधता तथा वातावरण संरक्षण ऐन तर्जुमाका लागि स्थानीय तहहरुमा कार्यशाला गोष्ठी | १३ वटा स्थानीय तह | ४ वटा | ● सुक्लाफाँटा न.पा. (कञ्चनपुर)<br>● तुल्सीपुर उ.म.न.पा.(दाङ्ग)<br>● कावासोती न.पा. (नवलपरासी)<br>● माडी न.पा.(चितवन) | कोभिड-१९ का कारण स्थकित ७ वटा |

**कार्यक्रम ५. स्थानीय तह सेवाप्रवाह  सहजीकरण कार्यक्रम**

५.१. कार्यक्रमले समेटेको भौगालिक क्षेत्रः  माईजोगमाई गा.पा. (इलाम), सूर्योदय न.पा. इलाम र सुनापति गा.पा.( रामेछाप) ।

५.२. कार्यक्रमको मुख्य उद्देश्यः स्थानीय सरकारको आवश्यकता अनुसार वाह्य सेवाप्रदायकको रुपमा साझेदारीको कार्य गर्ने ।

५.३. स्रोत साझेदारीः सम्बन्धित नगरपालिका र गाउँपालिकाहरु ।

५.४. संख्यात्मक वार्षिक प्रगति अवस्थाः

| क.सं. | क्रियाकलाप | संख्यात्मक लक्ष्य | संख्यात्मक प्रगति | प्रगति सूचक | कैफियत |
|---|---|---|---|---|---|
| ५.४.१. | सामाजिक तथा आर्थिक सर्भेक्षण सहित नगरपालिकाको पार्श्वचित्र तयारी | १ वटा | १ वटा | ● सूर्योदय नगरपालिका, इलाम | |
| ५.४.२. | स्थानीय पर्यटन प्रबर्द्धन तालिम तथा होमस्टे प्रबर्द्धन सम्भाव्यता अध्ययन | १ वटा | १ वटा | ● माईजोगमाई गाउँपालिका, इलाम | |
| ५.४.३. | चियाखेती सम्भाव्यता अध्ययन तथा नमूना परीक्षण | १ वटा | १ वटा | ● सुनापति गाउँपालिका, रामेछाप | |

**कार्यक्रम ६. एकीकृत सामुदायिक विकास कार्यक्रम (ICDP):**

६.१. कार्यक्रमले समेटेको भौगालिक क्षेत्रः  बागमती प्रदेशको  दोलखा जिल्ला अर्न्तगत कालिञ्चोक गाउँपालिका र प्रदेश ५ को दाङ जिल्ला अन्तर्गत राप्तीगाउँपालिका र तुलसीपुर उमहानगरपालिका

६.२. कार्यक्रमको मुख्य उद्देश्यः एकीकृत कार्यक्रम मार्फत कृषि, खाद्य सुरक्षा, आयआर्जन, जलबायु अनुकुलन र समावेशीकरणको माध्यमले संस्थागत सुशासन तथा सहभागितामूलक एकीकृत विकास प्रणालीको प्रबर्द्धन गर्ने ।

६.३. स्रोत साझेदारीः विकास कोष नर्वे र स्थानीय पालिकाहरु ।

६.४. संख्यात्मक वार्षिक प्रगतिअवस्थाः

| क.सं. | क्रियाकलाप | एकाई | संख्यात्मक लक्ष्य | संख्यात्मक प्रगति | प्रगति सूचक | कैफियत |
|---|---|---|---|---|---|---|
| **६.४.१ कृषि, पशुपालन, खाद्य सुरक्षा तथा पोषण** | | | | | | |
| ६.४.१.१ | उन्नत जातको बीऊबिजन सहयोग | घरधुरी | ७५० | ७६४ | तरकारी तथा खाद्यबालीको बीऊ बिजन | राप्तीगाउँपीलिका दाङ कालिञ्चोकगाउँपालिका दोलखा |
| ६.४.१.२ | साना तथा मझौला सिंचाई प्रविधि सहयोग | घरधुरी | ५० | ७३ | राप्तीगाउँपीलिका दाङ कालिञ्चोकगाउँपालिका दोलखा | स्पीङ्गकल, थोपा सिंचाई, हजारी, गार्डन पाईप आदि । |
| ६.४.१.३ | सुधारिएको पशुगोठ निर्माण | घरधुरी | २०० | २०२ | गाईगोठ, बाखाखोर सुधार तथा निर्माण | राप्तीगाउँपीलिका दाङ कालिञ्चोकगाउँपालिका दोलखा |
| ६.४.१.४ | अगुवा कृषक सिकाई आदानप्रदान तथा सिकाई बिशिष्टीकरण | जना | १५ | १७ | कृषक अनुभव स्थलगत भ्रमण, ओजेटी सहयोग | कालिञ्चोक दोलखा |
| ६.४.१.५ | एकीकृत घरबगैचा प्रवर्द्धन | जना | १०० | १३८ | बेर्ना तथा प्रविधि सहयोग | दोलखा र दाङ |
| ६.४.१.६ | घरबगैचा प्रवर्द्धनकालागि सामग्री सहयोग | घरधुरी | १०० | ५२८ | टनेल तथा अन्य उपकरण सहयोग | गतबर्ष प्रदान गरिएको फलोअप समेत |

| क.सं. | क्रियाकलाप | एकाई | संख्यात्मक लक्ष्य | संख्यात्मक प्रगति | प्रगति सूचक | कैफियत |
|---|---|---|---|---|---|---|
| ६.४.१.७ | पारिवारीक पोषणका लागि घरमूली र आमाहरुलाई तालिम | जना | २०० | २०२ | समूहमा आवद्ध सदस्यहरुको लागि | दोलखा र दाङ |
| ६.४.१.८ | बिद्यार्थीहरु लक्षित पोषण सचेतना कार्यक्रम | जना | ४०० | ३८४ | सामुदायिक बिद्यालयहरुमा तालिम | दोलखा र दाङ |
| ६.४.१.९ | पोषण सम्बन्धी बहुसंख्यक सचेतना अभियान | जना | ४०० | ८०० | तीज सहयोग तथा होर्डिङ बोर्ड समेत | दोलखा र दाङ |
| ६.४.१.१० | जलवायुमैत्री खेतीपद्धति प्रवर्द्धन | घरधुरी | १०० | १४० | दोलखा कालिञ्चोकमा किवी विरुवा | गाँउपालिका साझेदारी समेत |
| ६.४.१.११ | जलवायु मैत्री खेती स्थापना तथा प्रचार ( उपकरण, विरुवा तथा क्षमता विकास) | घरधुरी | १०० | २६४ | टनेल, कृषि उपकरण, सामग्री र बिरुवा समेत | दोलखा र दाङ |
| **६.४.२ प्रकोप न्यूनिकरण तथा जलबायु परिवर्तन अनुकुलन** | | | | | | |
| क.सं. | क्रियाकलाप | एकाई | संख्यात्मक लक्ष्य | संख्यात्मक प्रगति | प्रगति सूचक | कैफियत |
| ६.४.२.१ | समुदायस्तरको जलवायु परिवर्तन अनुकुलन योजना तयारी तथा जोखिम विश्लेषण | समुदायस्तर | १ | १ | जलवायु अनुकुलन योजना पुस्तिका | राप्ती गाउँपालिका वडा न. ९ रुपाकोट, दाङ्ग |
| ६.४.२.२ | समुदायस्तरको जलबायु अनुकुलन नमूना पूर्वाधार योजना कार्यान्वयन | वटा | ५ | ५ | ख.पा. श्रोत संरक्षण १, सौर्यपम्प खानेपानी २, सिंचाई योजना १ र पाईप प्रणाली खा.पा. १ | राप्ती गाँउपालिका दाङमा ३ वटा र कालिञ्चोक गा.पा.दोखलामा २ वटा |
| ६.४.२.३ | पूर्वाधार दिगो मर्मत कोष स्थापना | वटा | १ | १ | आर्थिक कोष हस्तान्तरण | राप्ती गाउँपालिका वडा न. ९ रुपाकोट |
| ६.४.२.३ | प्रकोप न्यूनिकरण स्थानीय योजना तयारी | वटा | १ | २ | प्रकोप न्यूनिकरण योजना पुस्तिका | लापिलाङ र कालिञ्चोक दोलखा |
| **६.४.३ आर्थिक अवस्था सुधार तथा व्यबसाय प्रर्वद्धन** | | | | | | |
| क.सं. | क्रियाकलाप | एकाई | संख्यात्मक लक्ष्य | संख्यात्मक प्रगति | प्रगति सूचक | कैफियत |
| ६.४.३.१ | पशुजन्य उत्पादन तथा बजारीकरण सहयोग | घरधुरी | १५ | ५७ | गाई, सुगुर, कुखुरा र बोयर बोका सहयोग | दाङ ५२<br>दोलखा ५ |
| ६.४.३.२ | उच्च मूल्य भएका खेतिपद्धति तथा प्रविधि सहयोग | घरधुरी | १०० | १०६ | अलैची, खोर्सानी, अदुवा खेति सहयोग | दोलखा |
| ६.४.३.३ | साना व्यसायी प्रवर्द्धनका लागि व्यावसायिक योजना तयारी | संख्या | ३० | २६ | व्यबसायीक योजना तयारी | दाङ<br>दोलखा |
| ६.४.३.४ | व्यबसाय दर्ता सहयोग | संख्या | २५ | ३० | व्यबसाय दर्ता एवम् नवीकरण | दाङ<br>दोलखा |
| ६.४.३.५ | व्यबसाय प्रवर्द्धन तथा व्यबसाय स्थापना सहयोग | घरधुरी | १० | ११ | अनुदान तथा सामाग्री सहयोग | दोलखा र दाङ |

| क्र.सं. | क्रियाकलाप | एकाई | संख्यात्मक लक्ष्य | संख्यात्मक प्रगति | प्रगति सूचक | कैफियत |
|---|---|---|---|---|---|---|
| ६.४.३.६ | उत्पादित सामग्रीको बजार पहुँच स्थापना सहयोग | समुदाय | २ | २ | हाजबजार स्थापना तथा बजार सम्बन्ध सहयोग | दोलखा र दाङ १/१ |
| ६.४.३.७ | दलित महिला समूह स्थापना, सवलीकरण, व्यबसायिक तालिम तथा कोष स्थापना | संख्या | २० | २० | दलित महिला संघ दाङसँगको सहकार्यमा | तुलसीपुर उपमहानगरपालिका दाङ |
| ६.४.३.८ | व्यबसायिक बाली उत्पादकहरुलाई मूल्यश्रृखंलामा रुपान्तरण एवमं उत्पादन विविधिकरण | जना | ५० | ५३ | अचार बनाउने तालिम र लोक्ताबाट कपडा बनाउने तालिम | दोलखा र दाङ |
| ६.४.३.९ | सुधारिएको उन्नत पशुपालन तालिम | जना | २०० | १७५ | सुधारिएको गोठ व्यबस्थापन तथा पशुजन्य रोग नियन्त्रण तालिम | दोलखा र दाङ |
| ६.४.३.१० | मूल्यश्रृखंला व्यबसायिक तालिम ( गैह्न-कृषिउत्पादन) | जना | २० | २९ | कपाल काट्ने, कपडा बुन्ने तालिम | दोलखा |
| ६.४.३.११ | लघुउद्यम विकास तालिम तथा सहयोग | जना | २० | २० | दलित महिला संघ सँगको साझेदारी | तुलसीपुर उपमहानगरपालिका दाङ |
| **६.४.४ सुशासन तथा संस्थागत विकास** | | | | | | |
| क्र.सं. | क्रियाकलाप | एकाई | संख्यात्मक लक्ष्य | संख्यात्मक प्रगति | प्रगति सूचक | कैफियत |
| ६.४.४.१ | स्थानीय साझेदार संस्थाहरुको संस्थागत क्षमता विकास | संख्या | २ | २ | संस्थाको प्रशासनिक नियमावली, जेसी रणनीति तयार तथा तालिम | दोलखा १ दाङ १ |
| ६.४.४.२ | सहभागितात्मक योजना तयारी सम्बन्धमा स्थानीय जनप्रतिनिधिहरुलाई क्षमता विकास (फलो अप) | संख्या | २ | २ | आवधिक योजना तयारी तालिम | दोलखा १ दाङ १ |
| ६.४.४.३ | स्थानीय सरकारको सामाजिक उत्तरदायित्व पद्धति सीमक्षा (सामाजिक परीक्षण) | संख्या | ४ | ४ | बार्षिक प्रगतिको सामाजिक परीक्षण | दोलखा २ दाङ २ |
| ६.४.४.४ | स्थानीय बिपद तथा जलबायु अनुकुलन योजना तयारी | पालिका | १ | १ | गाउँपालिका स्तरीय योजना | राप्ती गाउँपालिका दाङ |

| क्र.सं. | क्रियाकलाप | एकाई | संख्यात्मक लक्ष्य | संख्यात्मक प्रगति | प्रगति सूचक | कैफियत |
|---|---|---|---|---|---|---|
| ६.४.४.५ | स्थानीय गैससहरुलाई सहभागितात्मक योजना तयारी संयन्त्र र उत्तरदायित्व सम्बन्धी तालिम | संख्या | ४ | ४ | ३ वटा गैसस, १ समूह संजाल | दोलखा ३ दाङ १ |
| ६.४.४.६ | स्थानीय साझेदारलाई परियोजना कार्यान्वयन सहयोग | संख्या | २ | ३ | केसिडिसि र शान्ति जनप्रिय यूवाक्लब, (दोलखा) जनजागरण यूवाक्लब (दाङ्ग) | दोलखा २ दाङ १ |
| ६.४.४.७ | स्थानीय समुदायमा आधारित संस्थाका सदस्यहरुलाई स्थानीय तहको योजना तयारी र उत्तरदायित्व तालिम | जना | ८५० | ५१२ | दलित महिला संघ दाङ सँगको साझेदारी | तुलसीपुर उपमहानगरपीलका दाङ |
| **६.४.५ लैङिकतथा सामाजिक समावेशीकरण** | | | | | | |
| क्र.सं. | क्रियाकलाप | एकाई | संख्यात्मक लक्ष्य | संख्यात्मक प्रगति | प्रगति सूचक | कैफियत |
| ६.४.५.१ | लैङ्गिकतथा समाजिक समावेशीकरण सम्बन्धी समुदायमा आधारित संस्थाहरुसँग पैरवी | संस्था | २ | २ | संस्थाहरुको आन्तरीक लैङ्गिक तथा समावेशीकरण क्षमता विश्लेषण | दोलखा १ दाङ १ |
| ६.४.५.२ | लैङ्गिक तथा अभियानमूलक कृयाकपालहरुमा सूचना प्रचार | संख्या | २ | ३ | महिलाहिँसा विरुद्धको १६ दिने अभियान सहभागिता | दोलखा २ दाङ १ |
| ६.४.५.३ | साझेदार संस्थाका फोकल पर्सनहरुलाई जेसी प्रशिक्षक प्रशिक्षण तालिम | संख्या | १ | १ | डिएफ साझेदार नेपालका ८ वटा साझेदार संस्था | नेपालका ८ वटा साझेदार गैससहरु |
| ६.४.५.४ | साझेदार संस्थाहरुको लैङ्गिक कार्ययोजना कार्यन्वयन फलोअफ | संस्था | ८ | १० | डिएफ साझेदार ८ वटा साझेदार संस्था र २ स्थानीय साझेदार | नेपालका १० वटा गैससहरु |
| ६.४.५.५ | रेडियो कार्यक्रम उत्पादन | संख्या | २ | २ | सीमान्तकृत समुदाय हितको लागि पाक्षिक रेडियो कार्यक्रम | कालिञ्चोक एफ एम दोलखा र रेडियो राप्ती दाङ |
| ६.४.५.६ | राष्ट्रिय दिवस कार्यक्रम सहभागिता | संख्या | २ | ३ | बाल दिवस,महिला दिवस, र यूवा दिवस | दोलखा २ दाङ १ |
| ६.४.५.७ | महिला नेतृत्व विकास आधिकारीक तालिम (३ चरण) | जना | २५ | २५ | दोलख ाजिल्लाका निर्वाचित महिलाजन प्रतिनिधि लक्षित | (बिबिसी सगँको साझेदारीमा) दोलखा |
| ६.४.५.८ | लक्षितवर्गका महिलाहरुलाई अधिकारमा आधारित नेतृत्व विकास तालिम | जना | ५०० | १२५ | चलित महिला संघ दाङसँगको समन्वयमा | तुलसीपुर उपमहानगर पालिका दाङ |

**कार्यक्रम ७. नासाविके पूर्वाधार निर्माण तथा स्तरोन्नति कार्यक्रम:**

७.१. कार्यक्रमले समेटेको भौगालिक क्षेत्र: माईजोगमाई गाउँपालिका र इलाम नगरपालिका इलाम ।

७.२. कार्यक्रमको मुख्य उद्देश्य: संस्थागत भौतिक पूर्वाधारहरुको निर्माण तथा संरक्षण, सम्बर्द्धन र गुणस्तर सुधार गर्ने ।

७.३. स्रोत साझेदारी: आन्तरिक स्रोत (संस्थागत अक्षयकोष ब्याज र सदस्यहरुको स्वेच्छिक नगद तथा वस्तुगत योगदान)

७.४. संख्यात्मक वार्षिक प्रगति अवस्था:

| क्र.सं. | क्रियाकलाप | संख्यात्मक लक्ष्य | संख्यात्मक प्रगति | प्रगति सूचक | कैफियत |
|---|---|---|---|---|---|
| ७.४.१. | भवन मर्मत सम्भार | २ | २ | मुख्य कार्यालय नामसालिङ्ग र नामसालिङ्ग स्वास्थ्यचौकी (पुरानो) भवन | |
| ७.४.२. | कार्यालयको खानेपानी तथा विद्युत आपूर्ति सेवा गुणस्तर सुधार | २ | २ | मुख्य कार्यालयमा खानेपानी आपूर्ति व्यवस्था र नासाविके स्रोतकेन्द्रको विद्युत आपूर्ति प्रणाली मर्मत सुधार | |
| ७.४.३. | नासाविके स्रोतकेन्द्र परिसर बगैंचा व्यवस्थापन तथा सौन्दर्यीकरण | १ | १ | रुख विरुवाहरुको व्यवस्थापन तथा छाँटकाँट र वृक्षारोपण | |


**(उ) आ.व. २०७६/०७७ को कार्यक्रमगत बजेट तथा खर्च परिदृष्य:**

| क्र.सं. | कार्यक्रम | स्वीकृत अनुमानित बजेट रकम रु. | यथार्थ खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | माकोतोमाकी नासाविके महिला छात्रवृत्ति कार्यक्रम | ५,००,०००/- | ४,१६,०००/- | प्रशासनिक न्यून खर्च |
| २. | अन्तर्राष्ट्रिय युवा स्वयम्सेवक आदान-प्रदान कार्यक्रम | ३४,३१,५००/- | २२,७४,४८८/- | कोभिड-१९ का कारण स्थगन |
| ३. | दिगो सामुदायिक विकास परियोजना (SCDP) | २२,९४,४०९/- | २०,५०,०००/- | खानेपानी, स्वास्थ्य तथा सरसफाई |
| ४. | स्थानीय तहको वातावरण तथा प्राकृतिक स्रोत व्यवस्थापन ऐन तर्जुमा कार्यक्रम | ६,३१,५००/- | ३,८२,०७४/- | कोभिड-१९ का कारण स्थलगत कार्यहरु स्थगन |
| ५. | स्थानीय तह सेवाप्रवाह सहजीकरण कार्यक्रम | १०,००,०००/- | ८,१९,०००/- | कर तथा राजश्व कट्टी |
| ६. | एकीकृत सामुदायिक विकास कार्यक्रम (ICDP): | २,३६,५३,८०९/- | २,३६,५०,२१३/- | सबै कम्पोनेन्ट |
| ७. | नासाविके पूर्वाधार निर्माण तथा स्तरोन्नति | ५,००,०००/- | ३,८५,०००/- | सामग्री तथा कामदार |
| ८. | कोभिड-१९ (कोरोना नियन्त्रण) कोष सहयोगका लागि नगद योगदान | ०००/०० | २,०५,०००/- | इलाम: १ लाख<br>दोलखा: ५० हजार<br>दाङ्ग: ५० हजार<br>गैसस महासंघ: ५ हजार |
| **जम्मा रकम रु.** | | **३,११,०१,२१८/-** | **३,०१,८१,७७५** | **९७.०४%** |

**(ङ) यस आ.व.मा कार्यान्वयन हुन नसकेका कार्यक्रम तथा परियोजनाहरु:**

| क.सं. | कार्यक्रम | स्वीकृत अनुमानित बजेट रकम रु. | कार्यान्वयन हुन नसक्नुको कारण |
|---|---|---|---|
| १. | नासाविके जनशक्ति क्षमता विकास तालिम तथा कार्यशाला | ५०,०००/- | ● विषयगत तालिम अवसर प्राप्त नहुनु ।<br>● कोभिड-१९ लकडाउन । |
| २. | वालमैत्री स्थानीय शासन कार्यक्रम (CFLG) | ७०,०००/- | ● स्थानीय तहको कार्यक्रम स्थगन भै सम्झौता हुन नसक्नु । |
| ३. | पूर्ण सरसफाई अभियान साझेदारी | १,००,०००/- | ● स्थानीय तहको कार्यक्रम स्थगन भै सम्झौता हुन नसक्नु । |
| ४. | बैकल्पिक ऊर्जा प्रबर्द्धन कार्यक्रम (RSC) | ४,७६,०००/- | ● नेपाल सरकार र दातृनिकाय बीच नयाँ सम्झौता हुन नसकी प्रक्रिया अवरुद्ध । |
| ५. | जलवायु अनुकूलन (सौर्य तथा जैविक ऊर्जा माईजोगमाई गा.पा.) | १०,००,०००/- | ● निजी क्षेत्रबाट वस्तु तथा सेवा खरीद प्रक्रियाका कारण साझेदारी हुन नसक्नु । |
| ६. | सुधारिएको चुल्हो प्रबर्द्धन तालिम तथा नमूना समुदाय विकास कार्यक्रम (RERA) | १०,००,०००/- | ● कार्यक्रम कार्यान्वयनको तौरतरिकामा परिवर्तन भै गैसस क्षेत्रसँगको साझेदारी अघि नबढनु । |
| ७. | महिला सशक्तिकरण तथा पोषण कार्यक्रम (Rustic Pathway) | २०,००,०००/- | ● नेपाल सरकारको स्वीकृति र सम्झौता हुन नसक्नु । |

## आ.व. २०७६/०७७ अवधिका संस्थाका स्थलगत विकास गतिविधिहरु सम्बन्धी केही प्रतिनिधिमूलक तश्विरहरु

खानेपानी आयोजनाको प्राविधिक सम्भाव्यता अध्ययन तथा स्थलगत नक्सांकनः माईजोगमाई, इलाम





एक किसान एक नर्सरीका लागि संचालित अगुवा कृषक तालिम र नमूना नर्सरी निर्माणः माईजोगमाई, इलाम




ड्रोन प्रविधिबाट खानेपानी आयोजनाको सर्भेक्षण र भौगर्भिक हलचल अनुगमन स्टेशन, माईजोगमाई, इलाम

**क्रमशः तश्विर......**






२५ औं नासाविके साधारण सभा उद्घाटन र सभा समापन पछिको सामुहिक तश्विर (२०७६ असोज ३० गते)






सामुदायिक स्वास्थ्य, सरसफाई र दिगो सामुदायिक विकास बारे स्वयम्सेवक र विद्यार्थीहरु बीच अन्तक्रिया, माईजोगमाई इलाम






नगदेबाली मूल्य श्रृंखला अभिवृद्धिका लागि व्यावसायिक अचार तयारी तालिम र टनेल खेती, राप्ती गा.पा. दाङ्ग

**क्रमशः तश्विर......**




निर्माणाधिन अवस्थामा सौर्यऊर्जा प्रणालीमा आधारित सामुदायिक खानेपानी लिफि्टङ्ग आयाजनास्थल, राप्ती गा.पा. दाङ्ग




स्थानीय गाउँ पालिकाहरुसँगको स्रोत साझेदारीमा निर्माणाधिन खानेपानी टेंकी राप्ती, दाङ्ग र कालिन्चाक दोलखा



www.nayapatrikadaily.com नयाँ पत्रिका

# बेगुम्पा र क्याङ्पोल बने जलवायुअनुकूल गाउँ

कालिञ्चोकका दुई गाउँमा विषादी प्रयोगमा प्रतिबन्ध, अर्गानिक खेतीलाई प्रोत्साहन

श्याम खतिवडा/नयाँ पत्रिका
दोलखा, २ भदौ

कालिञ्चोकका दुई गाउँमा जलवायुअनुकूलन प्रणाली सुरु गरिएको छ। पछिल्लो समय दोलखाका उच्च हिमाली क्षेत्रमा जलवायु परिवर्तनका असर देखिन थालेपछि जलवायुअनुकूलन प्रणाली सुरु गरिएको हो। जलवायु परिवर्तनका कारण कृषि र पशुपालन व्यवसायमा नकरात्मक असर पर्न थालेको भन्दै कालिञ्चोकका दुई गाउँबाट उक्त अभियान सुरु गरिएको कालिञ्चोक गाउँपालिकाले जनाएको छ। जिल्लाको उपल्लोउत्तरी क्षेत्रमा पर्ने विकट क्षेत्र कालिञ्चोकका दुईवटा गाउँ बेगुम्पा र क्यापोललाई जलवायुअनुकूलन गाउँ बनाउन लागिएको गाउँपालिका अध्यक्ष बिनकुमार थामीले बताए।

जलवायु परिवर्तनकै कारण कृषि र पशु क्षेत्रमा विविध समस्या देखिएकाले उक्त प्रणाली अपनाउन लागिएको उनले बताए। जलवायु परिवर्तनका असरले पानीका मुहान सुक्ने, कृषि पेसाअन्तर्गतका बालीमा फरक-फरक रोग लाग्ने र खडेरी र वर्षा अनियमित हुँदा हुने पशुचौपायामा विभिन्न रोग देखा पर्ने गरेको स्थानीयको भनाइ छ। ती समस्या समाधान गर्न र विगतकै जस्तो वातावरण निर्माण गर्न भन्दै गाउँपालिकाले इलामको एक गैरसरकारी संस्थासँग मिलेर जलवायु अनुकुलन प्रणालीको सुरुवात गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा समेत वातावरण संरक्षण र जलवायु परिवर्तनका लागि स्थानीय तहले आवश्यक काम गर्नुपर्ने प्रावधान उल्लेख छ। सोही प्रावधानअनुसार तीन वर्षदेखि अभियान सुरु गरिएको सहयोगी संस्था नाम्सालिङ सामुदायिक विकास केन्द्रले जनाएको छ। केन्द्रका सुशासन संयोजक बिनोद निरौलाले ऐनमा उल्लेख भएको वातावरणमैत्री समाज र दिगो आवधिक योजना निर्माण गरेर काम थालनी गरेको बताए। अभियान सुरु भएसँगै विषधि प्रयोग पूर्ण रूपमा अन्त्य भएको र आर्गनिक उत्पादनमा स्थानीयका लागि परेको कालिञ्चोक गाउँपालिका १ का वडाअध्यक्ष बाबुलाल थामीले जानकारी दिए। उनले उक्त अभियान पूरा गरी अर्गानिक कालिञ्चोक बनाउन वडा कार्यालयले समेत आवश्यक सहयोग गरिरहेको जनाएका छन्।

**■ यस्ता छन्, अनुकुलन गाउँका सूचक**

स्थानीय सरकार सञ्चालन ऐन र गाउँपालिकाले निर्माण गरेको दिगो आवधिक योजनामा जलवायुअनुकूलन गाउँ हुनका निमित्त न्यूनतम सूचकहरू उल्लेख छन्। त्यसका लागि जलवायु परिवर्तनका असर खेप्न सक्ने नवीकरणीय ऊर्जा, सोहीअनुसारको विषाधिरहित खेतीपद्धति अपनाउनुपर्छ। यस्तै, जोखिममा रहेका प्राकृतिक स्रोतको संरक्षण, वैकल्पिक आयका रूपमा आधुनिक नगदे तथा खाद्य बालीको विकास, गोठ सुरक्षा र पशु स्वास्थ्य सुरक्षा, मलमूत्र व्यवस्थापन, वैकल्पिक सिँचाइ आदिको व्यवस्था हुनुपर्छ।

**■ प्रत्येक घरमा प्लास्टिक टनेल, एक घर एक धारा**

नाम्सालिङ सामुदायिक विकास केन्द्रका सुशासन संयोजक निरौलाले सोही सूचकअनुसार कालिञ्चोकका दुई गाउँ बेगुम्पा र क्याङ्पोलमा काम भइरहेको जानकारी दिए। उनका अनुसार ती बस्तीमा जलवायुअनुकूलन योजना निर्माण गरी वैकल्पिक नगदेबालीका रूपमा प्रत्येक घरमा प्लास्टिक टनेल निर्माण, एक घर एक धारा निर्माणको काम अन्तिम चरणमा पुगेको छ।

**■ मलमूत्र र पशु सुरक्षामा ध्यान**

मलमूत्र र पशु सुरक्षाका लागि दिगो गोठ व्यवस्थापन गरिएको सुनाउँदै संयोजक निरौलाले नवीकरणीय ऊर्जाका लागि कालिञ्चोक १ का प्रत्येक घरधुरीलाई सौर्य ऊर्जा सोलार बत्ती र धुवाँरहित चुलो वितरण गरिसकिएको बताए। नाम्सालिङका फिल्ड संयोजक राजन क्षेत्रीले पानीका मुहान संरक्षणका लागि गाउँपालिकाको अगुवाइमा स्रोत संरक्षण कार्यक्रम सञ्चालन गरिएको जनाए। उनले नगदेबालीका रूपमा सिंगो गाउँवासीलाई हालसम्म झन्डै ५० हजारभन्दा धेरै अम्रिसो र अलैंचीका बिरुवा वितरण गरेको र केही भागमा भने उत्पादनसमेत हुन थालेको बताए।

**■ गाउँपालिकाले सघाउँदै**

जलवायुअनुकूलन गाउँ निर्माण गर्न प्राविधिक व्यवस्थापन र केही लगानी नाम्सालिङ सामुदायिकको छ भने अन्य आर्थिक व्यवस्थापन सबै सरोकारवाला निकायले गरेको कालिञ्चोक गाउँपालिकाले जनाएको छ। गाउँपालिका अध्यक्ष बिनकुमार थामीले वातावरण शीर्षकको बजेटबाट गाउँपालिकाले बजेट व्यवस्था गरेर उक्त कार्य सम्पन्न गर्न लागेको सुनाए। उनले उक्त प्रणालीको पूर्ण रूपमा विकास गरिसकन यति नै बजेट खर्च हुने भन्ने निश्चित भइनसकेको जानकारी दिएका छन्। उक्त कामका लागि गौरीशंकर संरक्षण क्षेत्र, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलगायत अन्य केही गैरसरकारी संस्थाले पनि सहयोग गरेका छन्।



राष्ट्रिय छापा सञ्चारमा आएको समाचार (दोलखा) र स्थानीय विकास सवालमा महिला समुह बैठक, राप्ती गा.पा. दाङ्ग

**क्रमशः तश्विर......**




अन्तर्राष्ट्रिय साझेदारी बैठक (नर्वे) र राष्ट्रिय साझेदारी अभिवृद्धि कार्यशाला (विराटनगर) मा संस्थागत सहभागिता





४०औं सामाजिक सेवा दिवस (इलाम) र गैसस महासंघ १ नं. प्रदेशको साधारण सभामा संस्थागत प्रशंसापत्र ग्रहण



स्थानीय सरकारसगको लागत साझेदारीमा प्रबर्द्धित नमुना गोठसुधार र पूर्वाधार (कल्भर्ट) निर्माण, कालिञ्चाक दोलखा

**क्रमशः तश्विर......**






सुशासन र सामाजिक सुरक्षा सम्बन्धी ज्येष्ठ नागरिकसँग अन्तरक्रिया र स्थानीय सरकारको असल अभ्यासको नमूना





महिला समुहमा व्यावसायिक किसानहरुलाई फलफूलका विरुवा वितरण र तरकारी खेतीमा आधुनिक प्रविधि प्रयोग, दाङ्ग






सामुदायिक सचेतना कार्यक्रम सहित प्रबर्द्धन गरिएको एकीकृत फोहरमैला व्यवस्थापन अभ्यास (राप्ती गा.पा., दाङ्ग